नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. :४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc. / io@mowcsc.gov.
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

# राष्ट्रिय बाल दिवस, २०८२ को शुभकामना !

यही मिति २०८२ साल भदौ २३ र २४ गते काठमाडौ लगायत देशभर भएको प्रदर्शनको क्रममा ज्यान गुमाउनु भए बालबालिकाप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै यस क्रममा घाईते हुनु भएका बालबालिकाको सिघ्र स्वास्थ्य लाभको काम गर्दछु। साथै भविश्यमा कुनै पनि प्रदर्शन तथा आन्दोलनहरुमा बालबालिकाको प्रयोग नहोस् भन्ने सबैमा विशेष अनुरोध सम गर्न चाहन्छु।

**"बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी"** भन्ने मूल नाराका साथ मनाउन लागिएको राष्ट्रिय बाल दिव २०८२ को अवसरमा सम्पूर्ण नेपाली बालबालिका तथा अभिभावक लगायत सरोकारवाला सबैमा हार्दिक शुभकामना व्य गर्दछु। यस वर्षको बाल दिवसको अवसरमा देशभरका बालबालिकाको प्रत्यक्ष सहभागितामा बालबालिकाकै मुखब बालबालिकाका आवाजहरु सुन्ने, प्रत्यक्ष साक्षात्कार र अन्तरक्रिया गर्ने गरी मन्त्रालयले राष्ट्रिय बाल सम्मेलन (Nation Children Consultation) को आयोजनाको तयारी गरिरहेको भएतापनि देशमा अकस्मात आईपरेको विषम परिस्थितिका कार उक्त प्रयास कामयावी हुन सकेन। यस विषम परिस्थितिमा सबै बालबालिका तथा सरोकारवालाहरुलाई राष्ट्रप्रति संवेदनशील भ आ-आफ्नो क्षेत्रवाट सृजनात्मक भुमिका निर्वाह गर्ने थप उर्जा र शक्ति मिलोस् मन्त्रालय यही अपेक्षा र कामना गर्दछ ।

नेपाल सरकारले बालबालिकाको सर्वाङ्गिण हित, सरंक्षण, विकास र बाल अधिकारको सुनिश्चितताका लागि गरेक अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको पहिचान, शिक्षा, स्वास्थ्य, लगायतक अधिकारहरुको सुनिश्चितता गरेको छ भने बालबालिकाको हकहित र अधिकारको संरक्षण तथा विकासका लागि नेपा सरकारले विभिन्न कानूनी तथा संस्थागत प्रबन्ध गरेको र आवश्यकतानुसार समसामयिक रुपमा सोको परिमार्जन समेत ग आएको छ। यसै क्रममा बालबालिका सम्बन्धी ऐन, २०७५ को संशोधन विधेयक संघीय संसदमा पेश भएको, राष्ट्रि बालबालिका नीतिको कार्यान्वयन कार्ययोजनाको मस्यौदा तर्जुमा भई स्वीकृतिको प्रकृयामा रहेको, बाल विवाह अन्त्यको राष्ट्रि रणनीति र कार्यान्वयन कार्ययोजना, २०८२ स्वीकृत भएको, सडक बालबालिका विशेष संरक्षण निर्देशिका, २०८२ स्वीकृ भएको तथा सडक बालबालिकामुक्त नेपाल घोषणाको अन्तिम चरणमा रहेको, बालबालिका उत्तरदायी बजेट संकेत प्रणाल लागु गर्ने तयारी भएको एवं बालकोष मापदण्ड स्वीकृत भएको लगायतका महत्वपुर्ण कार्यहरु भएका छन् ।

बालबालिकाको हक, हित र अधिकारको कार्यान्वयनका लागि मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिपद्‌बाट निरन्त रुपमा कार्यक्रमहरु कार्यान्वयन भइरहेका छन्। बाल अधिकारको सुनिश्चितताका लागि केन्द्रीय बाल न्याय समिति, प्रदेश बा अधिकार समिति, स्थानीय बालअधिकार समिति, बाल क्लव/सञ्जाल, बालगृहहरु, दिवा शिशु स्याहार केन्द्र, बालसुधार गृहहर बालबालिका खोजतलास सेवा (१०४), बाल हेल्पलाईन सेवा (१०९८) लगायतका संरचनागत व्यवस्था गरी क्रियाशील रहेक छन् र बालबालिकाको सरोकारका विषयमा विकास साझेदार निकायहरु तथा गैर सरकारी क्षेत्रवाट बलियो साथ, सहयो सहकार्य एवं हातेमालो भईरहेको छ ।

देशको भाग्य र भविष्यको रुपमा रहेका सम्पूर्ण बालबालिकाको हक, अधिकार स्थापित गरी बालबालिकाको उज्ज्व भविष्य निर्माणका लागि बालबालिकाको क्षेत्रमा थप लगानीको आवश्यकता महशुस गरी निरन्तरता दिईएको बाल दिवसक नारालाई उपलब्धिमा परिणत गर्न बालबालिकाको क्षेत्रमा सबै प्रकारका लगानी वृद्धि गरी बालबालिकाको सर्वोत्तम हित काय गर्न सरकारी, निजी तथा गैरसरकारी लगायत सबै क्षेत्रको सार्थक प्रयास रहोस् भन्ने आशा र विश्वास सहित बाल दिव २०८२ को पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद ।

२९ भाद्र २०८२

लक्ष्मी कुमारी बस्नेत
सचिव